☎०७१५४९४४८ कानूनमहाशाखा
☎०७१-५५०६१० प्रशासन
☎९८५७०७५०२८ सूचनाअधिकारी

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(कानून तथा संवैधानिक मामिला महाशाखा)

बुटवल,नेपाल

पत्र संख्या:- २०७७/०७८
च.नं.- कानून – १६

मिति: २०७७।०५।०१

श्री स्थानीय तह,सबै

प्रदेश नं. ५।

विषय: करार सेवामा रहेका कर्मचारीको सम्बन्धमा।

उपरोक्त विषयको सम्बन्धमा मल्लरानी गाउँपालिका, प्यूठान खलङ्गाको च.नं. १५० मिति २०७७।०४।२७ बाट करार सेवामा रहेका कर्मचारीहरुको म्याद थप सम्बन्धमा पत्र प्राप्त भएको छ।

नेपालको संविधानको धारा २२७ बमोजिम "गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेस कानून बमोजिम हुनेछ" भन्ने व्यवस्था भएकोमा प्रदेश सभाले स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७६लगायत अन्य विषयमा ऐन बनाइसकेको छ।स्थानीय तहका कर्मचारी सम्बन्धी कानून पनि बन्ने तयारीमा छ।यसरी स्थानीय तहका कर्मचारी सम्बन्धी कानून बनाउने क्षेत्राधिकार नेपालको संविधान बमोजिम प्रदेश सभालाई दिइएको छ। स्थानीय तहका पदाधिकारीको सुविधा सम्बन्धी ऐन, २०७६ ले स्थानीय तहका पदाधिकारीलाई करार सेवामा कर्मचारी राख्ने सुविधा दिएको छैन।

साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा ७ र ८ बमोजिमको सेवा मात्र करार सेवाको रुपमा लिन सकिने व्यवस्था छ तर प्रशासनिक र अप्राविधिक सेवा करारमा लिन मिल्ने व्यवस्था छैन्। तसर्थ, स्वीकृत दरबन्दी बाहेकका अन्य कर्मचारीलाई करारमा लिने अधिकार स्थानीय तहलाई कुनै कानूनले नदिएको हुदाँ गाउँ कार्यपालिका वा गाउँसभाबाट निर्णय गराएर सो कार्य गर्न नमिल्ने अवस्था रहेको छ। प्रदेश सभाबाट ऐन बनेको अवस्था नहुदाँ तत्काल कर्मचारी पदपूर्तिका लागि कर्मचारीको सेवा सुनिश्चितताका लागि कार्यपालिका र सभाबाट प्रस्ताव पारित गरी रिक्त दरबन्दीपूर्तिको लागि प्रदेश लोक सेवा आयोग समक्ष माग पठाउन सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि आदेशानुसार अनुरोध गर्दछु।

सुष्मिता पाण्डे
कानून-अधिकृत